# राष्ट्रिय संग्राहलयका केही धातुमूर्तिहरु

*वीणा पौडेल*

नेपाली मूर्तिकलामा धातुमूर्तिको महत्वपूर्ण स्थान छ । समाजमा दैनिक प्रयोगका सामानहरु धातुका बनाइने हुँदा धातुको प्रयोग निकै अगाडिदेखि भएको सजिलै अड्कल गर्न सकिन्छ । मोहेन्जोदडोको उत्खनन्मा प्राप्त धातुको स्त्री मूर्ति (नर्तकी) अन्दाजी २१०-१७५० ई.पू. यसको ज्वलन्त उदाहरण हो (हङ्टिङटन; १९९५) ।

नेपालमा धातुकलाको शुरुवात बारे तोकेर भन्न गाह्रो छ । लिच्छवि कालमा मिति भएका धातुका मूर्तिहरु एक दुईवटा मात्रै प्राप्त छन् । राष्ट्रिय संग्रहालय र विदेशको संग्राहलयमा सङ्कलित नेपालका केही धातुमूर्तिलाई विद्वान्हरुले लिच्छविकालको मानेका छन् । ईसाको द्वितीय शताव्दीको अन्ततिर तथा तृतीय शताव्दीको प्रारम्भतिर मगध र उत्तर बिहारबाट लिच्छविहरु नेपाल प्रवेश गर्दाको समयमा छिमेकी देशको तक्षशिला (पंजाव) तिर साना-साना धातुमूर्तिहरु बनाउने प्रचलन थियो । लिच्छविहरु काठमाडौं उपत्यका पस्नु भन्दा अगाडि नै उपत्यकामा पनि धातुमूर्तिहरु बनाउने कला प्रचलनमा आइसकेको हुनुपर्छ भन्ने कुरामा विद्वान् जोशीजी सहमत हुनुहुन्छ (जोशी; १९७५) ।

ताङ इतिहासमा वर्णन गरिएको नेपालको दरवारबाट पनि धातुकला सम्बन्धी धेरै कुरा थाहा पाउन सकिन्छ । त्यहाँ वर्णन गरिए अनुसार नेपालीहरुको दैनिक प्रयोगका भाडा र मुद्राहरु तामाका हुन्थे । ताङ वृतान्तमा नेपालको दरवारको बीचमा निर्माण गरिएको साततले अग्लो भवनको छानाको झिंगटी तामाको भएको वर्णन छ । त्यो अग्लो भवनको चार कुनामा तामाकै पानी टुटी निर्माण गरिएको थियो । त्यो वर्णन क्रममा सुनौलो पखेटा भएको सर्पको (ड्रयागन) पनि उल्लेख छ (गोयल; १९७३) । विदुषी मेरी स्लुशरले "क्लिभ लैण्ड म्युजियम अफ आर्ट" मा प्रदर्शित धातुको बुद्ध मूर्ति लङितग्राममा ढालिएको र संवत् ५१३ (इं. ६१९) मा कुदिएको तथ्य प्रकाशित गरेकी छिन् । (क्लसर; १९८२)

चाँगुनारायणको मूर्ति प्रारम्भदेखि सुवर्ण निर्मित गरुडासन रुपको थियो । त्यसको अंशुवर्माले संवत् ३१ मा जीर्णोद्धार गरे (खनाल; १०८३) । यो सुवर्णमूर्तिको पादपीठको लेख धनवज्र वज्राचार्यले *लिच्छविकालको अभिलेख*मा पृ. ३१७ मा र हरिराम जोशीले *प्राचीन नेपाल*मा पृ. २९० मा छापेका छन् । जसको अनुवाद यस प्रकार छ: "भगवान् नारायणको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएको देखेर राजा अंशुवर्माले संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्यनक्षत्रको दिन संसारको हित होस् भनी पुरानै नमूना बमोजिम सम्पूर्ण जीर्णोद्धार गर्नुभयो ।" यसै गरेर लिच्छवि राजा जयदेव द्वितीयले पशुपतिमा चाँदीको कमल चढाएको वर्णन पनि अभिलेखमा प्राप्त छ (वज्राचार्य) ।

काठमाडौं लगनटोलको यंगालहिटीको लिच्छविकालीन अभिलेखबाट पनि गहना (धातु) सम्बन्धी केही कुरामा थाहा पाउन सकिन्छ । त्यो शिलालेखमा जलशयन विष्णुको मूर्ति निर्माण गर्न लायकको ढुङ्गा ल्याई दिए वापत स्थानीय जनताहरुलाई निगाह गरिएको कुरा वर्णित छ । भगवान् विष्णुको जलशायी मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याउने कामले खुशी भएका हामीबाट पहिले नै द्रङ्गको चार भागको एक भागको रुपमा इलाका छुट्याइएको दक्षिण कोलीग्रामको यस सीमाभित्र बस्नेहरुलाई कल्ली, वाजु,

पाउजवलाई छाडेर अरु गहना लाउन पाउने गरी निगाह गरियो। यो ठाउँमा बस्ने जसलाई पहिले नै गहना लाउन हुने गरी निगाह गरिएको थियो, तिनलाई हामीबाट गरिएको यो बढी निगाह हो (जोशी, वज्राचार्य; १९७३)।

तर लिच्छविकालमा भन्दा मल्लकालमा धातुकला निकै विकसित भयो। मल्लकालमा धातुकला विकसित हुनाका अनेक कारणमध्ये धर्ममा तन्त्रको प्रभाव पनि एउटा हो। मूर्तिमा बनाइने अनेक शिर, वाहु र पाउ कुँद्न धातुमा सजिलो भयो। बौद्ध धर्मको व्यापक प्रचारका साथसाथै तिब्बतको बजारमा नेपाली कलाको माग पनि मल्लकालमा बढ्न थाल्यो। त्यसैले बाहिर पठाउन धातु नै हल्का हुने र राम्रो खालको ढुङ्गा पनि प्रशस्त मात्रामा उपलब्ध नहुने भएको हुँदा कलाकारले मूर्ति कुँद्न धातु नै रोजेको प्रष्ट हुन्छ।

तिब्बतमा नेपालबाट गएका धातुका मूर्तिको ठूलो माग थियो। त्यसैले नेपालका मूर्ति ल्हासा लगायत तिब्बतका अनेक प्रान्तमा पुगे। यसरी नेपाली कलाकारले आर्थिक लाभ पनि उठाए। नेपाली धातुमूर्तिले विकास गर्नाको एउटा प्रमुख कारण तिब्बती बजारमा ती मूर्तिहरुको माग हुनु पनि हो।

भारतमा पाँचौ शताव्दीमा अनेकन बुद्ध र वोधिसत्वका धातुमूर्ति बनिसकेका थिए। चीनमा पनि यही कालमा बनेका धातुका मूर्तिहरु थुप्रै पाइन्छन्। अझ चीनमा बनेका यस्ता प्राचीन धातुमूर्तिहरुमा मिति समेत लेखिएको छ। त्यति पुराना कुनै धातुका मूर्ति आजसम्म नेपालमा पाइएको छैन (वाङ्देल)। मल्लकालमा धातुकलाले प्रशस्त उन्नति गरिसकेको थियो। मध्यकालीन नेपालको उत्कृष्ट कलाकृतिमा त्यस समयमा बनेका धातुकलाहरु पर्दछन् भन्ने डा. रेग्मीको पनि विचार छ (रेग्मी; १९६६)।

## राष्ट्रिय संग्रहालयमा संकलित धातुमूतिहरु

राष्ट्रिय संग्रहालयमा संकलित धातुमूर्तिहरुको अध्ययन गरेपछि ती मूर्तिहरु मैन पगाल्ने विधि द्वारा निर्माण गरिएको प्रष्ट हुन्छ। यस तरिकामा सर्वप्रथम राम्ररी आकार दिइएको मैनमा मसिनो माटो लेपन गरी मसिनो माटो माथि भूस मिसाएको माटो लेपन गरिन्छ। त्यसंपछि तताएर मैन फ्याके पछि खाली रहेको भागमा जुन धातुको मूर्ति बनाउने हो त्यो पगालेर हालिन्छ। चिसो भएर त्यसमा आकार आएपछि माटो फुटालेर धातुको मूर्ति निकालिन्छ। यदि कतै-कतै आकार प्रष्ट छैन भने ज्यावलले मिलाउदै मूर्तिलाई आकर्षक पार्न रंगको प्रयोग गरिन्छ। मल्लकालका धातुमूर्तिमा सुनको रंग लगाउने चलन पनि निकै नै थियो। धातुका मूर्तिमा सुनको जलप लगाउने तरिका नेपाली कलाकारको आफ्नै पनको छ। आजभोलि पनि पाटन, काठमाडौं र भक्तपुरका केही गल्लीभित्र यस्तो अपूर्व दृश्य देख्न पाइन्छ। सत्यमोहन जोशीले पनि सुनको मोलम्वा गर्ने विधिको रोचक ढंगले वर्णन गर्नु भएको छ। १ तोला सुनमा आधा औंस पारो (मर्करी) राखेर निम्न तरिकाले सुनको मोलम्वा तयार पार्न सकिन्छ। सुन आगोमा पोल्नु पर्छ। त्यसपछि सुलाई पोल्दै, पिटदै पता बनाउनु पर्छ। सुनको पाता पातलो कागज जस्तो भएपछि त्यसलाई मुजरी जस्तो गरी टुक्रा टुक्रा पारिनु पर्छ र वालुवा र पारो हालिराखेको खलमा राखी पत्ति हाल्दै घोट्दै पिन्नु पर्छ। धूलो बनेको सुन पारोसंग मिसिएर मलहम जस्तो भएपछि वालुवा एकातिर पन्छ्याउनु पर्छ। त्यसपछि सुनको मोलम्वा गर्नुपर्ने धातुमूर्तिलाई आगोमा पोलेर पानीमा डुवाउनु पर्छ र डुवाएपछि मूर्ति सफा हुन्छ। मूर्तिलाई फेरि आगोमा हाल्नु पर्छ, तर यो पटक मन तातो रुपमा मात्र। अनि तामाको पन्यू वा चमचाले मूर्तिमा मलहल (पारोमा सुन मिसिएको) लगाउनु पर्छ र त्यसलाई कपास वा नाइलनको

मसिनो वुरुसले वेस्सरी घोट्नु पर्छ । मूर्तिमा एक किसिमको फुस्रो रङ (नटल्केको) देखा पर्ने हुन्छ । त्यसपछि उक्त मोलम्वा गरिएको मूर्तिलाई चिसो पानीमा डुवाई राख्नुपर्छ र पछिबाट त्यसमा दोहरी हर्काव भएको सिलायकू (सिङबाट बनेको सानो ज्यावल) ले दत्ति हाल्दै घोट्नु पर्छ । मूर्तिमा सुनको चम्किलो रङ देखा पर्छ ।

राष्ट्रिय संग्रहालयमा संकलित सबै भन्दा पुरानो धातुमूर्तिमा नवौं शताव्दीको बुद्धको मूर्ति पर्दछ । यस संग्रहालयको कलाशालाको दोश्रो तल्लामा राखिएको सुन्दर मूर्तिको लम्बाई चौडाई ८३X२८ से.मी. छ । दाहिने हात बरद मुद्रा र देब्रे हातले लगाएको कपडा समातेको बुद्धको मुहार शान्त छ । कम्मर भन्दा मुनि पारदर्शक र पाउ पछाडि देखिने लुगाका किनारा मसिनो मुजाले गर्दा आकर्षक छ । पाउको बीचबाट देखिने लुगाको फेर पनि सबै भन्दा तल देखिनै दोहरी बुट्टाले गर्दा राम्रो छ । कम्मर भन्दा माथि लुगाको प्रयोग देखिंदैन । यो मूर्तिको शारीरिक अनुपात साह्रैनै मिलेको छ । फूर्तिलो शरीर, सलक्क मिलेका हात पाउ, हिड्न लागे झैं मर्केको कम्मर, हंसिलो मुहारमा अनुपात मिलेको आँखा, आखिभौं, नाक र खाने मुख सबैनै यो अनुपम मूर्तिका विशेषता हुन् । अरु लिच्छविकालीन ढुङ्गे मूर्तिमा जस्तै यस धातुमूर्तिमा पनि साधारण गहनाको प्रयोग छ । शिरमा लगाएको मुकुट भने साना बुट्टाहरु धेरै छन् । मुकुटको अन्तिम छेउमा कानको माथि बुट्टाको रुपमा मुकुटको दुई चुच्चो निकालिएको छ । बुद्धका लामा-लामा कानमा माथि तर्फ फर्केको कुण्डल र गलामा सुन्दर हारको प्रयोग छ । यस मूर्तिको देब्रे खुट्टाको औला र खुट्टा खण्डित छ ।

यस संग्रहालयमा संकलित अर्को अमूल्य धातुमूर्तिमा दशौं शताव्दीको नारायणको मूर्ति पर्दछ । न्यूयोर्क र वृटिस म्युजियममा भएको नवौं शताव्दीको मानिएको विष्णु मूर्ति र राष्ट्रिय संग्रहालयको विष्णु (नारायण) मूर्तिमा धेरै समानता छ । लुगा, आभूषणमा तीनै मूर्तिको धेरै कुरा मिल्छ तर वृटिस संग्रहालयको विष्णुका दश भुजा छन् । राष्ट्रिय संग्रहालयमा राखिएको नारायणका भुजामा शंख, चक्र, गदा र पद्मविज स्पष्ट देखिन्छ । घुङ्रिएको कपाल, काँधसम्म छोडिएको र शिरमा तीनपाटा बुट्टाले छुट्टिने सुन्दर मुकुट लगाउँदा यस मूर्तिको सुन्दरता बढेको छ । विष्णुको कानको कुण्डल फूल आकारको निकै सुहाउँदो छ । हातमा वाला र पाखुरामा वाजु बाहेक यस मूर्तिमा अरु गहनाको प्रयोग छैन । यस मूर्तिमा पनि कम्मर भन्दा माथि लुगाको प्रयोग देखिदैन तर कम्मर मूनि भने साना साना धेरै बुट्टा भएको धोती लगाइएको छ । दुवै पाउको बीचमा सपक्क टाँसिएको धोतीको एक भाग लर्केको छ । धोती अड्याएको कम्मरबन्ध भन्दा माथि पटुका जस्तै एक फन्को कपडा बेरिएको छ । यो पटुकाको दुवै छेउबाट तल पाउसम्म पुग्ने गरी कपडा झुण्एिको छ । नारायणले एउटा भुजामा समातेको गदा भाँचिएको र मूर्तिको ठाउँ ठाउँमा जडाउ खसेको भए पनि अरु अवस्था राम्रो छ । थोरै गहना, पातको लुगा, मुकुट सहित सजाइएको केश, अनुपात मिलेको शरीर र हसिलो मुहारले गर्दा यो मूर्ति निकै भव्य छ ।

राष्ट्रिय संग्रहालयमा भएका चौधौं शताव्दीको धातुमूर्तिमा सिंहनाथ लोकेश्वरको मूर्ति पनि एउटा हो । सिंगारिएको सिंहमा विराजमान दुई भुजा भएका लोकेश्वरको एक पाउ फुकेको कमलमा छ र अर्को पाउ दोवारेर सिंह माथिनै राखिएको छ । लोकेश्वरका दुई वाहुमध्ये घुँडामा अड्याइएको वाहुमा गोलाकार कुनै वस्तु र अर्को वाहुले सिंहको पुच्छर समातेको छ । ठूलो ठूलो टल्किने पत्थर सबै गहनामा जडिएको छ । जडाउ भएको मुकुट, हार, वाजु, वाला, कम्मरवन्द र जडाउ नभएको पाउजेव आदि गहनाले लोकेश्वरलाई सिंगारिएको छ । यो मूर्तिमा पनि कम्मर भन्दा माथि लुगाको प्रयोग देखिदैन । कम्मर भन्दा तल बुट्टा भएको धोती लगाइएको छ । राष्ट्रिय संग्रहालयमा संकलित चौधौं शताव्दीका धातुमूर्तिमा (क)

शक्ति सहित सुखवर संभर (ख) संभर (ग) सिंहमुख कामभैरवको तान्त्रिक प्रवाहका सुन्दर मूर्तिहरु दर्शकहरुको आकर्षण केन्द्र छन् ।

सुखवर संभरको मिथुनाकार मूर्ति देखेर धेरैको मनमा अनेक प्रश्न उठ्न सक्तछ, त्यो प्रश्नको समाधान तलका हरफले गर्ने कोशिश गरेको छ । पुरुष र प्रकृतिको एकाकार रुपको प्रतिनिधित्व गर्ने प्रतीकात्मक मूर्ति मल्लकालमा निकै बनाइयो । देवदेवीहरुको मिथुनाकार युगलमूर्तिको रुप वज्रयानको सिद्धान्त अनुसार शून्यता र करुणाको प्रतीक स्वरुप मानिएको छ । देवीको रुपको शून्यता र देवरुपको करुणाको मिलन रुपनै वज्रसत्वको युगल मूर्ति हो । शिवशक्तिको यही मिलन रुपलाई कल्पनां गरेर तान्त्रिकहरुले युगलमूर्ति या मिथुनाकार मूर्ति कल्पना गरे, जुन युगलमूर्तिको कल्पना मानव समाजको लौकिक रुपमा देखिए तापनि यसको तात्पर्य अलौकिक भएकोले लज्जास्पद युगलमूर्तिप्रति मानव समाजको मौलिक भावना बिस्तार बिस्तार बिलायो । त्यसैको परिणामस्वरुप देव मन्दिरहरुमा मात्र यस्ता मूर्तिहरुले स्थान पाए (वज्राचार्य) ।

चौधौं शताव्दीको सुखवर संभरको मूर्ति शक्ति सहित एकाकार रुपमा देखाइएको छ । पुरुषको र भैंसीको समेत गरेर नौ वटा शिरहरु छन् । मूर्तिको अग्रभागमा पाँच र पृष्ठभागमा चारवटा शिर मिलाएर कुँदिएको छ । मूर्तिमा सोह्र पाउ र चौवीस वाहु कुँदिएको छ । चौवीस वाहुमध्ये चारवटा अलि ठूला छन् । अरु बाँकी सबै एउटै आकारमा कुँदिएका छन् । संभरको संपूर्ण वाहु विभिन्न आयुधहरु युक्त छन् जस्मा नरमुण्ड, नरहात, नरपाउ, पनि पर्छन् । यस मूर्तिमा वस्त्रको प्रयोग देखिएको छैन । अग्रभाग र पृष्ठभागमा समेत देखिने भुण्डिएको जस्तो बुट्टी भएको कम्मरबन्ध राम्रो छ । संभरको पृष्ठ भागमा ठूलो हात्तीको दाह्रा सहितको चित्र कुँदिएको छ । संभरले हार र नरमुण्डको माला लगाएका छन् । लामो सिंग भएको भैंसीको शिरमा र अरु शिरमा पनि मुकुटको प्रयोग छ । सुखकर संभरसंग एकाकार रुपमा देखाइएको शक्तिले दुई वाहुमा कर्ति पात्र लिएकी छिन् । उनको एउटा शिरमा पाटा छुट्टिएको मुकुट, कानमा कुण्डल, गलामा हार, वाहुमा वाजुवन्द र वाला, कम्मरमा कम्मरवन्द र दुई पाउमा पाउजेव आदिको प्रयोय छ । संभरको जस्तै यस मूर्तिमा पनि वस्त्रको प्रयोग गरिएको छैन । शिर माथितिर उठाएको शक्तिको ठूला ठूला तीन नेत्र बनाइएको छ र मुखबाट निकालेको जिब्रो नाकसम्म पुऱ्याइएको छ । शक्ति अर्थात् वज्रवाराहीको पृष्ठभागमा लामो कपाल प्रष्टसंग कुँदिएको छ । मल्लकालमा यस्ता याब्युव मूर्ति निकै मात्रामा बनाइन्थे ।

राष्ट्रिय संग्रहालयमा चौधौ शताव्दीको नौ वटा शिर भएको संवरको अर्को मूर्ति पनि छ । यस मूर्तिमा संवरलाई शक्ति सहित देखाइएको छैन । सबै भन्दा माथि एक शिर त्यसको तल चार र सबैभन्दा तल पनि चार शिर गरी जम्मा नौ वटा शिरहरु तीन तहमा बनाइएको छ । अठ्ठाइस साना र छवटा ठूला वाहुमा विभिन्न आयुधहरु सुशोभित छन् । संवरको आठ वाहुमध्ये एक पाउ अलिकति उचालिएको छ । संवरको शरीरमा वस्त्रको प्रयोग गरिएको छैन । यो मूर्तिको सबै शिरमा लगाइएको मुकुटमा नरमुण्डको चित्र अंकित छ । लामो सिंग भएको संवरको मुख्य शिरको ललाटमा तेश्रो आंखा कुदिएको छ । संवरले नरमुण्ड माला, सर्पमाला, कानमा कुण्डल, पाखुरामा वाजु, नाडीमा सर्प वाला र पाउमा पनि सर्प पाउजेव लगाएका छन् । मूर्तिको वरिपरि बेग्लै बनाएको ज्वालावली राखिएको छ ।

७६x५६ से.मी. लम्बाई चौडाई भएको चौधौं शताव्दीको सिंहमुख काम भैरव यसको कलाकारिताले गर्दा निकै प्रख्यात छ । मुख वाएर आगोको ज्वाला निकालिएको एक शिर, विभिन्न आयुधहरु युक्त सोह्र वाहुले गर्दा यो डरलाग्दो देखिन्छ । सिंहमुख कामभैरवको विभिन्न वाहुमा जपमाला, खड्ग,

त्रिशुल, डमरु, सर्प छन्। यस मूर्तिमा पनि लुगाको प्रयोग छैन तर गहनामा भने तीनवटा हार वाला, वाजु, पाउजेव र मुण्डमाला लगाइएको छ। कामभैरवको ललाटमा तेश्रो नेत्र बनाइएको छ। ठूला-ठूला आँखा छरिएको आखिभौ र ज्वाला जस्तै माथितिर फर्केको कपालले गर्दा यो मूर्ति भयङ्कर देखिन्छ। कामभैरवको शरीरको अनुपात मिलाउन कलाकार निकै सफल भएका छन्। पाउमा सुन्दर तरिकाले नङ्ग कुद्नाले यो मूर्तिको शोभा बढेको छ। सिंहमुख कामभैरवको संपूर्ण शरीर ढाक्ने गरी ज्वालावली बनाइएको छ। मल्लकालमा तान्त्रिक देव-देवीका मूर्तिहरु प्रशस्त बनाइन थाले। त्यही समयमा भैरवका विभिन्न मूर्तिहरु बनाइने प्रथा अनुरुप यो संवर, सुखवर संवर र सिंहमुख कामभैरव तान्त्रिक मूर्तिहरु पनि ढालिए। खास गरेर यी मूर्तिहरु विदेशीको दर्शनका लागि ज्यादै कौतुहल पूर्ण भएका छन्।

चौधौं शताव्दी मानिएको अमोघसिद्धिको मूर्तिको लम्वाई चौडाई ३९x२७ से.मी. छ। तामापातामा सुन लेपन गरिएको यस मूर्तिको धेरै ठाउँको रङ्ग गइसकेको छ। घुम्रिएको कपाल तालुमा लगेर जुरो पारिएको छ र त्यो जुरोलाई मालाहरुद्वारा बेरिएको छ। लामा लामा कानमा पछाडि पट्टिबाट गहना लगाइएको छ। हार, माला, बाला, ठूलो बुट्टा भएको बाजु, बुट्टे कम्मरवन्द, पाउजेव आदि गहनाले अमोघसिद्धिको मूर्ति सिंगारिएको छ। कम्मर भन्दा मूनि घुँडा भन्दा अलि तलसम्म पुग्ने गरी धोती लगाइएको यस मूर्तिको एक हात वरद मुद्रामा छ। यो मूर्ति वौद्ध प्रतिमा विज्ञान अनुरुप नै बनेको छ।

राष्ट्रिय संग्रहालयमा सङ्कलित चौधौं शताव्दीका धातुका मूर्तिमा वोधीसत्व नाम संगति पनि पर्दछ। दुई तहको ठूलो फक्रिएको कमलको आसनमा विराजमान नाम संगितिको मूर्ति भव्य कलाकारिताले गर्दा आकर्षक छ। एक शिर, दुई पाउ र १२ वटा वाहु कुँदिएको भए तापनि यो मूर्ति भद्दा देखिंदैन। टीका लगाएको ललाट, आधा चिम्लेको आँखा, मुखलाई सुहाउँदो तरिकाले कुँदिएको नाक र खाने मुखले गर्दा नामसंगितिको मुहार शान्त प्रकृतिको छ। चौधौ शताव्दीका अरु धातुमूर्तिमा जस्तै यसमा पनि कम्मर भन्दा माथि वस्त्रको प्रयोग गरिएको छैन। कम्मर भन्दा तल दुवै पाउको बीचमा मुजा पारेको पातलो धोती लगाइएको छ। खण्ड खण्ड छुट्टिएको बुट्टा भएको जडाउ सहित सुन्दर मुकुट जडाउ भएकै कण्ठहार, बाजु, वाला र पाउजेवको प्रयोग यस मूर्तिमा गरिएको छ। राष्ट्रिय संग्रहालयमा प्रदर्शित नवौं, दशौं शताब्दीका मानिएका धातुमूर्तिमा जडाउको प्रयोग देखिंदैन। तर श्रीमती स्टेलाले आफ्नो पुस्तकमा प्रकाशित गर्नु भएको गौरी उमामहेश्वर आदि आठौं नवौं शताब्दीका धातुमूर्तिमा जडाउ गहनाको प्रयोग छ। यसबाट सातौं आठौं शताब्दी वा धातुकलाको प्रारम्भिक अवस्थामा जडाउ गहनाको प्रयोग धेरै व्यापक नभएको प्रष्ट हुन्छ। पछिका कलाकारले मूर्ति आकर्षक बनाउन धेरै जडाउ गहनाको प्रयोग गर्न थाले। यसैले पछि मल्लकालमा बनेका प्रस्तुर मूर्तिमा पनि अनावश्यक गहनाको प्रयोग पइन्छ। त्यसै समयका कुनै कुनै मूर्तिमा त भद्दा गहनाले गर्दा मूर्तिको सौन्दर्य नै लोप भएको छ। तर यो वोधिसत्व नामसंगितिको मूर्तिमा सुहाउँदो तरिकाले जडाउ गहनाको प्रयोग छ। यस मूर्तिमा कुँदिएको बाह्रवटा हातमध्ये शिर माथि लगेको दुई हात अन्जली मुद्रामा, दायाँ बायाँका चार हात विभिन्न मुद्रामा र अगाडि पट्टीका ६ हातमध्ये दुई हात वरद, दुई हातमा पात्र र बाँकी दुई हात विशेष मुद्रामा छन्। यसरी विभिन्न मुद्राका हातहरु कुदिएको भए तापनि यो मूर्ति अस्वभाविक छैन।

चौधौं शताब्दीमा उपत्यकामा तान्त्रिक धर्मको ठूलो प्रभाव परिसकेको थियो। बुद्धका विभिन्न मूर्तिमा पनि तन्त्रको प्रभाव परेको थियो भन्ने कुराको पराकाष्ठ रुप देखिन्छ। तन्त्रसंबन्धी देवता संभर, सुखवर र सिंहमुख कामभैरवको मूर्ति कुँदिन थालिसकेको थियो। त्यसैले वोधिसत्व नामसंगितिको मूर्तिमा पनि तन्त्रको प्रभाव परेको छ। तन्त्रको प्रभाव परे पनि यो मूर्तिको अनुहार डरलाग्दो छैन, हात मात्रै धेरै कुँदिएका छन्।

राष्ट्रिय संग्रहालयमा संकलित पन्ध्रौं शताब्दीका धातुका मूर्तिमा पद्मपाणिलोकेश्वर निकै चर्चित छन् । महायानी सम्प्रदायका अनुयायीहरुले कल्पना गरेका वोधिसत्व र लोकेश्वरहरु थुप्रै छन् । अमिताभवुद्ध र उनको शक्ति पाण्डराको पुत्रको रुपमा चिनिएका यी पद्मपाणिलाई वोधिसत्व महायानीहरुले सृष्टिकर्ता मानेका छन् । यिनको स्वरुपको वर्णन यस्तो हुन्छ- सेतो रंग, दायाँ भुजा बरद मुद्रामा र वायाँमा फक्रिएको कमलको फूल, शिरको श्रीपेचमा अभिताम वुद्धको चित्र हुन्छ । नेपालका लोकेश्वरहरुमा पद्मपाणि लोकेश्वरका धेरै मूर्तिहरु पाइन्छन् । ती मध्ये यस संग्रहालयको पद्मपाणि लोकेश्वर पनि एक हो । त्रीभंग मुद्रामा उभिएका पद्मपाणिको मूर्तिमा सुनको लेपन गरिएको छ । तीनखण्ड भएको पत्थर जडिएको मुकुट, पत्थर जडिएको हार, कुण्डल, वाजु र वाला अनि जनैको ढाँचाले लगाइएको दाना-दाना भएको लामो माला आदि यस मूर्तिमा गहनाको रुपमा रहेका छन् । कम्मर भन्दा माथि लुगाको प्रयोग छैन, तल घुँडा भन्दा माथि आइपुग्ने कछाड जस्तै धोतीको प्रयोग दुवै खुट्टाको बीचमा र बायाँ तर्फ तह तह भुजा भएको लुगाको एक छेउ छोडिएको छ । धोती लगाई सकेपछि माथि छड्के तालले अर्को कपडा बाँधिएको छ । यस मूर्तिको बायाँ हातको तल्लो भाग र कमलको फूलको डाँठ खण्डित छ । पद्मपाणिलोकेश्वर मूर्तिको घाँटीको हाराहारीसम्म पुगेको कमलको फूलको बीचमा पनि जडाउ छ । मूर्तिको ठाउँ-ठाउँमा जडाउ जडिएर बढी आकर्षक बनाउन खोजिएको छ । मल्लकालको धातुकलामा यो मूर्ति निकै राम्रो मूर्तिमा गणना हुन्छ ।

पन्ध्रौ शताब्दी कै धातुमूर्तिमा अमोधपाश लोकेश्वरको मूर्ति पनि राम्रो कलाकारिताले गर्दा निकै चर्चित छ । सानो भए पनि यो मूर्तिको अङ्ग प्रत्यङ्ग राम्रोसंग अनुपात मिलाएर कुँदिएको छ । लोकेश्वरका आठ भुजामध्ये सातमा विभिन्न आयुधहरु छन् र दायाँ तर्फ एकभुजा बरद मुद्रामा छ । कम्मर भन्दा तल लगाइएको धोतीको फेर प्रष्टसंग देखिन्छ । त्यस समयका मूर्तिमा धेरैजसो देख्न पाइने दुवैतिर झुण्डिएका लुगा र दुवै खुट्टाको बीचमा लुगाको मुजा यस मूर्तिमा पनि बनाइएको छ । धोती अड्याउन लगाइएको कम्मरवन्दको बीचमा मात्रै हल्का बुट्टा छ । शिरमा पाटा-पाटा छुट्टिएको मुकुट, कानमा कुण्डल, गलामा हार, पाखुरामा बाजु र नाडीमा वाला आदि गहना यस मूर्तिमा लगाइएको छ । यो मूर्तिको सबै अंग अनुपात मिलाएर बनाए तापनि गोडाको औंलाहरु बनाउँदा कलाकारले राम्रोसंग ध्यान नदिएको जस्तो लाग्दछ । जे भए पनि अमोधपारा लोकेश्वरको यो मूर्ति वेजोड कलाको नमूना हो ।

उपत्यकामा दशौं शताब्दीदेखि बाह्रौं शताब्दीसम्म सौर संप्रदायको ज्यादै प्रचार भएको अनुमान गर्न सकिन्छ । त्यसै समय र पछि बनेका सूर्यका धेरै मूर्तिहरु उपत्यकामा यत्रतत्र प्राप्त छन् । राष्ट्रिय संग्रहालयमा मात्रै ढुंगा र धातुमा बनेका सूर्यका मूर्तिहरु पाँच छ वटा छन् । यस संग्रहालयमा संकलित धातुका तीन सूर्य मूर्तिमध्ये दुइवटा सूर्य मूर्तिको वर्णन यसमा गरिएको छ ।

यसमा सातवटा घोडाले तानेको सानो सूर्य मूर्ति र एउटै घोडामा विराजमान सूर्य मूर्ति परेका छन् । प्रायशः सूर्यको दायाँवायाँ दण्ड र पिंगल उभिएका मूर्तिहरु बनाइने प्रथा पाइन्छ । राक्षस र शत्रुहरुलाई दण्ड दिने दण्डनायक भनिन्छ । पहिलो रंगलाई अग्निको प्रतीक मानिएको हुँदा अग्नी देवतालाई पिंगल पनि भनिन्छ । अतः यो नै दण्ड र पिंगल पछि बनेका सूर्य मूर्तिमा देखिन्छन् (वाङ्देल; १९७०) तर रष्ट्रिय संग्रहालयमा एउट घोडामा मात्रै विराजमान सूर्यको मूर्ति अपवादको रुपमा खडा भएको छ । यस्तो मूर्ति नेपालमा मात्रै हैन भारतमा समेत अपर्याप्त भएकोले यसको महत्व बढ्न गएको छ । राष्ट्रिय संग्रहालयको कोठा नं. ५ मा *ढलौट कला* भनेर भित्तामा कागजको पन्ना टाँसिएको छ । त्यसको अन्तिम लाईन यस प्रकारको छः "राष्ट्रिय संग्रहालयमा रहेको सूर्य (एउटा घोडामा बसेको) मूर्ति अप्राप्य र

असाधारण महत्वको छ जसको समानता प्रायः कतै देखा परेको छैन।" यसरी मुक्तकण्ठले तारिफ गरिएको यो सूर्यको मूर्ति हेर्न लायक छ।

राष्ट्रिय संग्रहालयमा पन्ध्रौं शताब्दीको सानो तर सारै राम्रो धातुको सूर्य मूर्ति छ। चार शिर भएको सूर्यको दायाँवायाँ नारायण र छाता ओढाएर इन्द्र उभिएका छन्। साना-साना सात वटा घोडाले तानेको रथलाई हाक्ने अरुणको ३ वटा शिर छन्। वरुणको दायाँवायाँ गणेश र अरुणले वाण हानेर अन्धकार हटाउन लागेको कुरालाई देखाउन यस मूर्तिमा कलाकार निकै सफल भएका छन्। फट्ट हेर्दा छुट्टै देखिने प्रभा मण्डल जस्तोमा नवग्रहहरुको मूर्ति मिलाएर कुँदिएको छ। नवग्रह कुँदिएको भाग छुट्टै देखिए पनि त्यसको कतै पनि जोरन नभएकोले यो मूर्तिको संपूर्ण खण्ड एकैपल्ट ढालिएको हो भन्न सकिन्छ। करिव नौ इन्च जति अग्लो यस मूर्तिको सबै भन्दा माथि छत्र राखिएको छ। सानो मूर्तिफलमा पन्ध्र जना देवता, दुई जना राक्षस र सातवटा घोडाको मूर्ति सफलताका साथ कुँद्न सक्नु कलाकारको ठूलो क्षमता हो। नेपालमा आजसम्म सूर्यका विभिन्न प्रकारका मूर्तिहरु प्राप्त भएका छन्। तैपनि यस प्रकारको सानो तर राम्रो मूर्ति नेपालमा अप्राप्य भएकोले यसको भन् महत्व बढेको छ। यो सुन्दर मूर्ति नेपाली कलाको गौरवको रुपमा रहेको छ। राष्ट्रिय संग्रहालयले यस मूर्तिलाई दिएको मिति अनुसार यसको निर्माण पन्ध्रौं शताब्दी कै वरपर भएको भन्ने कुरामा कुनै शंका छैन। यो सानो मूर्ति पानसमा राख्न ढालिएको हो तर बेग्लै मूर्तिको रुपमा बनाइएको होइन।

यसै संग्रहालयमा संकलित धातुको अर्को सूर्य मूर्ति झन् अनौठो कलाकृतिले गर्दा ज्यादै चर्चित भएको छ। पन्ध्रौं शताब्दीकै मानिएको यो सूर्य मूर्तिमा सूर्य भगवान्लाई एउटै मात्र घोडाको पिठिउँमा विराजमान देखाइएको छ। विभिन्न विशेषताले युक्त यो मूर्तिको विद्वानहरुले मुक्त कण्ठले प्रशंसा गरेका छन् (नेशनल म्युजियम पब्लिकेशन; १९७६) धेरैजसो सूर्य मूर्तिमा भगवान् सूर्यले दुवै वाहुमा फूल समातेको देखिन्छ। प्रतिभा विज्ञानका पुस्तकमा सेतो कमलको फूल लिने भनेर सूर्यको वर्णन गरिएको छ। यस मूर्तिमा भने फूल दुवै वाहुको पछाडि पट्टि गर्धनको हाराहारीसम्म कुँदिएको छ। भगवान्को दुवै हात वरद मुद्रामा छन्। सूर्यको शिर पछाडि मुकुट भन्दा माथिसम्म बुट्टा भएको प्रभामण्डल बनाइएको छ। शिरको मुकुट पनि पाटा-पाटा छुट्याइएको र बुट्टाले गर्दा निकै आकर्षक देखिन्छ। कानमा कुण्डल, गलामा हार र माला, साथै नाडीमा वाला लगाएको यो मूर्ति धेरै आकर्षक छ। यो मूर्तिमा पनि कम्मर भन्दा माथि लुगाको प्रयोग देखिदैन। कम्मर भन्दा मुनि पातलो धोती लगाइएको छ। पन्ध्रौं शताब्दीका धातुकलामा यो सूर्य मूर्तिको विशिष्ट स्थान छ भन्नुमा कुनै अत्युक्ति नहोला।

राष्ट्रिय संग्रहालयमा पन्ध्रौं शताब्दीको मिति दिएर भूस्पर्ष मुद्रामा अक्षोभ्य वुद्धको मूर्ति राखिएको छ। यो मूर्तिमा वुद्धको शान्त र हसिलो अनुहार कलाकारले सफलताका साथ कुँदेको छ। मुहारमा ललाट, आँखी भौं, नेत्र, नाक र खाने मखुको अनुपात समान छ। ललाटमा टिका पनि कुँदिएकोले मुहार हँसिलो देखिन्छ। वुद्धको सबै मूर्तिमा बनाइने घुमारेको कपालको जुरो र लामो कान यस मूर्तिमा पनि कुँदिएको छ। कानमा गहनाको रुपमा फूल आकारको ठूलो कुण्डल लगाइएको छ। पद्मासनमा बसेका अक्षोभ्य वुद्धको दायाँ हात भूस्पर्ष मुद्रामा छ भने देब्रे हात काखमा राखिएको छ। वुद्ध भगवान् विराजमान हुनु भएको दोहोरो कमलको फूल पनि निकै कलात्मक छ। वुद्धले लगाएको पोशाकको किनारामा मात्रै बुट्टा छ। देब्रे काँध पट्टी सप्को जस्तै गरी हालिएको लुगाको मुजा पलेटी कसेको दुवै खुट्टाको बीचबाट निकालिएको स्वाभाविक छ। अनुपात मिलाएर कुँदिएको हात, पाउ, शरी भएकोले यो मूर्ति निकै राम्रो देखिन्छ।

मल्लकालमा धातुकलाको निकै नै विकास भएको कुरामा दुईमत हुन सक्तैन । मल्लकालमा आएर कलामा निकै नयाँ कुराहरु थपिँदै गए । त्यसै अनुरुप मल्लकालमा देवगणको मूर्ति मात्रै नकुँदेर, राजा, रानी र अरु व्यक्तिको मूर्ति पनि कुँदिएको प्रमाण प्राप्त भएका छन् । मल्लकालमा बनेका राजा, रानी, विद्वान् र भक्तहरुका मूर्तिहरु राष्ट्रिय संग्रहालयमा राखिएका छन् । मल्लकाल भन्दा अघि मानिसहरुको मूर्ति कुँद्दै नकुँदिने हैन तर बेग्लै कुँद्ने परंपरा भने थिएन ।

राष्ट्रिय संग्रहालयले पन्ध्रौं शताब्दी मिति तोकेको एक विद्वान्को मूर्ति तामाको छ । यो मूर्तिको पोशाक विचित्र प्रकारको छ । शिरमा मुसलमानले लगाउने जस्तै टोपी र कम्मर भन्दा मुनि धोतीको प्रयोग छ । गहनाको रुपमा मोतीको माला छ । जुँगा दाह्री भएका विद्वान्ले देव्रे हातमा पुस्तक र दाहिने हात घुँडा माथि राखेका छन् । राष्ट्रिय संग्रहालयमा यस्तै खाले अर्को विद्वान्को मूर्ति पनि राखिएको छ । दुवै मूर्तिमा सबै कुरा समान छन् तर दोस्रो मूर्तिको बस्ने ढाँचा बेग्लै प्रकारको छ । दोश्रो विद्वान्को मूर्ति घुँडा फर्काएर बसेको देखाइएको छ । यो मूर्तिहरु विद्वानका हुन् भन्नाको मुख्य कारण हातमा पुस्तक लिएकोले अनुमान गरिएको हो ।

मल्लकालका धातुका मूर्तिमा वसुन्धराका मूर्तिहरु राम्रो कलाकारिताले गर्दा निकै प्रख्यात छन् । यिनै वसुन्धरा देवीलाई हिन्दू धर्मग्रन्थमा विष्णुको पत्नीको रुपमा वा भूमि (पृथ्वी) देवीको रुपमा वर्णन गरिएको हुन्छ भने बौद्ध धर्मग्रन्थमा जम्वलको पत्नीको रुपमा वसुन्धराका विभिन्न मूर्तिहरुमा प्रायः एकै प्रकारको कलाकारिता देखिन्छ । देव्रे वाहुमा पुस्तक, धान्य मन्जरी, कलश हुन्छ भने दाहिनेमा रत्न मन्जरी, वरद तथा कुनै फल लिएको हुन्छ । राष्ट्रिय संग्रहालयमा वसुन्धाराका चार पाँच मूर्तिहरु छन् ।

हल्का बुट्टा भएको मुकुट, कानमा कुण्डल, गलामा हार, वाहुमा वाजु, नाडीमा वाला र पाउमा पाउजेव आदि गहनाले यो मूर्ति सिंगारिएको छ । ज्यादै पातलो लुगाको प्रयोग गरिएको भए तापनि सारीको सप्कोको किनारा प्रष्टसंग देखाउन कलाकार सफल भएका छन् । फुर्तिलो लचकदार शरीर अनुपात मिलेको वाहु र पाउ त्यसै गरी सुहाउँदो तरिकाले कुँदिएको स्तरनले गर्दा यो मूर्ति आकर्षित छ । वसुन्धराको ६ हातमध्ये दायाँ तर्फको दोश्रो हात (वरद मुद्रा) तल्लो भाग खण्डित छ र दायाँ वाहुमा समातेको रक्त मन्जरी पनि खसेको छ । अरु अवस्था राम्रो छ । ललितासनमा विराजमान वसुन्धराको एक पाउ मात्रै सानो कमलको फूलमा अड्याइएको छ । यो मूर्ति संगै राखिएको अर्को सोह्रौं शताब्दीको वसुन्धराको मूर्ति अलिकति ठूलो छ । कमलासनमा विराजमान यो मूर्तिको ६ हातमा पुस्तक, धानमन्जरी, पूर्णकलश, रत्नमंजरी, वरदमुद्रा र फल आदि सुशोभित्र छन् । जडाउ बुट्टे मुकुट, जडाउ कम्मरवन्द, वाजु र वाला गलामा हार र माला अनि पाउमा पाउजेव आदि गहनाले वसुन्धराको मूर्ति सिंगारिएको छ । कम्मर भन्दा मुनि पातलो बुट्टा भएको धोती सुहाउँदो तरिकाले लगाइएकोले मूर्तिको शोभा बढ्न गएको छ । १८x१२.२५ से.मी. लम्वाई चौडाई भएको यो वसुन्धराको मूर्तिमा शारीरिक अनुपात राम्रोसंग मिलाएर कुदिएका छन् ।

नेपालमा प्राप्त भएका कुनै पनि वसुन्धराको मूर्तिमा मिति नकुँदिएकोले राष्ट्रिय संग्रहालयका यी मूर्तिको पनि समय तोक्न अप्ठ्यारो छ । तर यी मूर्तिहरुको शारीरिक बनोट र लुगा गहनाको प्रयोगलाई हेर्दा चौधौं, पन्ध्रौं शताब्दीका हुन सक्ने अनुमान गरिन्छ ।

विष्णुका विभिन्न अवतार सम्बन्धी र विभिन्न रुपका मूर्तिहरु निकै मात्रामा कुँद्ने चलन लिच्छविकालदेखि नै पाइन्छन् । मल्लकालमा पनि वैष्णव धर्म निकै लोकप्रिय रहेको कुरा त्यसबेलाका विष्णुका विभिन्न मूर्तिहरुले प्रष्ट गर्दछन् । यसै सन्दर्भमा सोह्रौं शताब्दी मानिएको शेषशायी विष्णुको मूर्तिको वर्णन गरिन्छ । नौ शिर भएको नागको बिछ्यौनामा शयन मुद्रामा विष्णुको मूर्ति कुदिएको छ । शिरमा मुकुट, ललाटमा टिका, कर्णाभूषण, कण्ठहार, माला यज्ञोपवित लगाई, चार बाहुमा शंख, चक्र, गदा, पद्मम लिएको विष्णु भगवान्को यो मूर्तिमा नाभीबाट उम्रेको कमलको फूलमा ब्रम्हा विराजमान नभैकन पात्र राखिएको छ । यो मूर्ति यही अनौठो विशेषताले गर्दा उल्लेखनीय छ । यस मूर्तिमा कमलको फूलेको फूल र नागको बिछ्यौनाको कलाकारिता निकै राम्रो छ । तर नागको बिछ्यौनामा मूर्तिको छेउ छेउमा वरिपरि मात्रै कुँदिएको छ, त्यसैले विष्णुको शरीर मूनि खाली भाग प्रष्ट देखिन्छ । खाली भाग नदेखिएको भए यो मूर्ति बढी राम्रो देखिने थियो । राष्ट्रिय संग्रहालयमा सत्रौं शताब्दीका धातुमूर्तिहरु धेरै छन् । दुईवटा सांढे माथि दुई पाउ राखेर उभिएको वाराहीको चार भुजा कुँदिएका छन् । वाराही देवीको तीनै भुजा विशेष मुद्रामा छन् र बाँकी एउटामा सानो माछो समातिएको छ । वाराही देवीको अनुहार बँदिलको छ तर शरीरको अरु भाग र हात खुट्टा मानिसका जस्ता नै छन् । कम्मर भन्दा तल धेरै जालिदार बुट्टा भएको जामाको प्रयोग यसमा देखिन्छ । विभिन्न बुट्टा सहित नरमुण्डको चित्र भएको चित्र भएको मुकुट, नरमुण्डको लामो माला, धेरै बुट्टा भएको हार, लामो सिक्री, कानमा ठूलो कुण्डल, हातमा वाला, गोडामा पाउजेव आदि गहना सुहाउँदो तरिकाले वाराहीको मूर्तिमा कुँदिएको छ । कलाकारले वाराहीको वाहानलाई पनि माला लगाइदिएर सिंगार्न बिर्सेका छैनन् । जे होस् सत्रौं शताब्दीको यो वाराही मूर्ति धातुकलाको एउटा उत्कृष्ट नमूना हो ।

सत्रौं शताब्दीको अर्को धातुमूर्ति भैरवको पर्दछ । दुईजना मानिस माथि दुई पाउ राखेर भैरव उभिएका छन् । मूर्तिफलको सबैभन्दा तल कमलपुष्प कुँदिएको छ । भैरवका ६ वाहु विभिन्न अयुधहरु युक्त छन् । काठको भैरवको मूर्तिमा कुँदिएको छोटा कमिज जस्तै धातुका भैरवको मूर्तिमा पनि सानो कमिज कुँदिएको छ । कम्मर भन्दा मुनि लगाइएको जामा भने सत्रौं शताब्दीको वाराहीको मूर्तिको जस्तै छ । ठूलो ठूलो प्वाल भएको जाली जस्तै बुट्टा भएको जामामा विभिन्न प्रकारका पत्थर पनि जडिएका छन् । भैरवको मूर्तिमा विभिन्न प्रकारका गहनाको प्रयोग छ । जडाउ भएको मुकुट, कुण्डल, मुण्डमाला, घाँटी मै अडिएको सर्पमाला र लामो सर्पमाला, बुट्टा कुँदिएका हार, पाउमा सर्पको गहना, सर्पवाला आदि । ठूलों लोती भएका कानमा एका पट्टी मात्रै कुण्डल छ । ललाटमा समेत नेत्र बनाएर तीन ठूला-ठूला नेत्र कुँदिएका छन् । छरिएको आखीभौ, खानेमुख वरिपरि जुँगा, लामो एकसरो दाह्रीले गर्दा यो मूर्ति डरलाग्दो देखिन्छ । खम्वामा अड्याएको तोरणले गदा यो मूर्तिको सुन्दरता बढेको छ । तोरणको सबैभन्दा माथि छत्र कुँदिएको छ र छत्रको बीचमा कुँदिएको छेपुले सर्प टोक्दै गरेको देखाइएको छ । यस भन्दा तल पनि अरु पंक्षी जनावर र फूल वुट्टान कुँदिएका छन् ।

## निष्कर्ष

मैन पगाल्ने विधि आंगिक अनुपात र सजीवपन, पातलो लुगाको प्रयोग, जडाउ, आभूषण, धेरै शिर, हात र पाउ भएका मूर्ति नै नेपाली धातुकलाका मुख्य विशेषता हुन् । यी बाहेक यहाँका धातुमूर्तिमा पाल कलाको प्रभाव प्रशस्त परे पनि अनुहारमा नेपाली पन प्रष्ट झल्किन्छ । यसरी कलाकारले धातुमूर्तिमा आफ्नोपन जोगाई राख्न सक्नु नेपाली कलाको विशेषता हो ।

**परिशिष्टाङ्ग**



तस्वीर १: अमोघसिद्धि, चौधौं शताब्दीको धातुमूर्ति (राष्ट्रिय सङ्ग्रहालय)



तस्वीर २: पद्मपाणि लोकेश्वर पन्ध्रौ शताब्दीको धातुमूर्ति (राष्ट्रिय सङ्ग्रहालय)

## सन्दर्भ सूची

खनाल, मोहन प्रसाद, (१९८३), *चाँगुनारायणका ऐतिहासिक सामग्री,* नेपाल तथा एशियाली अनुसन्धान केन्द्र (ने.ए.,अ.के), पृ. २५ ।

गोयल, श्री राम, (१९७३), *प्राचीन नेपालका राजनीतिक और साँस्कृतिक इतिहास,* भारतीय विद्या प्रकाशन, वाराणसी, पृ, २ ।

जोशी, सत्य मोहन, (१९७३), *नेपाली धातुमूर्तिको विकासक्रम,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (ने.रा.प्र.प्र.), पृ. १ ।

जोशी, हरिराम, (१९७३), *नेपालको प्राचीन अभिलेख,* ने.रा.प्र.प्र., पृ. ४३२,

डा. रेग्मी, (१९६६), *मेडिभल नेपाल II* कलकत्ता, पृ. ९०७ ।

वज्राचार्य, धनवज्र, (१९६६), *लिच्छविकालका अभिलेख,* ने.ए.अ.सं., पृ. ५५२ ।

वज्राचार्य, धनवज्र, "नेपाली मध्यकालीन कला," *प्रज्ञा,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।

एम. सलाउसर, (१९८२), *नेपाल मन्डला,* प्रिन्सटन युनिभर्सिटी प्रेस, न्यू जर्सी, पृ. ९८ ।

सुसन एल. हन्टिङटन, (१९८५), *द आर्ट अफ एन्सियन्ट,,* वेदर हिल, न्यू योर्क, पृ. १५ ।

नेशनल म्युजियम पब्लिकेसन, (१९७६), "नेपलिज आर्ट इन ए नुत्सेल," काठमाडौं, पृ. ३३ ।

वाङ्देल, लैनसिंह, "नेपाली धातुका मूर्ति", *प्रज्ञा,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।

-------, "सूर्यमूर्ति", *प्रज्ञा,* वर्ष १, अंक १, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।